**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०२ जनवरी २०२६

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदीले भोली नयाँ दिल्लीको **राय पिथौरा सांस्कृतिक परिसरमा** भगवान बुद्ध सित संबंधित पावन **पिपरहवा** अवशेषहरुको भव्य अंतर्राष्ट्रीय प्रदर्शनीको उद्घाटन गर्नुहुनेछ।

- भारतीय जनता पार्टीले पश्चिम बंगालमा कानून व्यवस्था पूर्ण रुपमा ठप्प भएको आरोप लगाएको छ।

- रामकृष्ण मिशनले स्वामी विवेकानंदको पैतृक आवास एवं सांस्कृतिक केंद्रको तत्वावधानमा स्वामी विवेकानंद जन्मोत्सव 2026 को आयोजन गर्ने भएको छ।

- विधानसभा चुनाव पुर्व कोचबिहारमा भारतीय जनता पार्टी (भाजपा) को 'परिवर्तन संकल्प सभा' मा फिल्म अभिनेता अनि भाजपा नेता मिथुन चक्रवर्ती सामेल हुनुभयो।

- सिलगढ़ीको मत्तीगडा क्षेत्रमा प्रस्तावित महाकाल मन्दिरको शिलान्यासलाई लिएर प्रशासनिक स्तरमा तयारी तीव्र गरिँदैछ।

**पीएम-अवशेष (वॉयसकास्ट)**

प्रधानमंत्री नरेन्द्र मोदीले भोली नयाँ दिल्लीको **राय पिथौरा सांस्कृतिक परिसरमा** भगवान बुद्ध सित संबंधित पावन **पिपरहवा** अवशेषहरुको भव्य अंतर्राष्ट्रीय प्रदर्शनीको उद्घाटन गर्नुहुनेछ। प्रधानमंत्री कार्यालयले एक बयानमा भनेको छ कि वर्ष 1898 मा खोजिएको पिपरहवा अवशेष प्रारंभिक बौद्ध धर्मको पुरातात्विक अध्ययनको लागि महत्वपूर्ण छ।

हाम्रो संवाददाताको यो रिपोर्ट -BYTE

**भाजपा-पश्चिम बंगाल**

भारतीय जनता पार्टीले पश्चिम बंगालमा कानून व्यवस्था पूर्ण रुपमा ठप्प भएको आरोप लगाएको छ। नयाँ दिल्ली स्थित पार्टी मुख्यालयमा संवाददाताहरुलाई संबोधित गर्दै पार्टी प्रवक्ता गौरव भाटियाले आरोप लगाएका छन् कि राज्यका मुख्यमंत्री ममता बनर्जीको तुष्टीकरणको राजनीतिको कारण उहाको घुसपैठिहरु प्रति लचिलो हुनु हो। विशेष गहन पुनरीक्षण-एस.आई.आर. कानूनी प्रक्रिया हो तर मुख्य मन्त्रीले यसको विरोध गरिरहेको उहाले अझ बताउनुभयो।

**(भाजपा)- तुष्टिकरणको आरोप**

भारतीय जनता पार्टी (भाजपा)-ले राज्यको ममता ब्यनर्जी सरकारमाथि मुस्लिम तुष्टिकरणको आरोप लगाउँदै फेरि एकपटक हमला गरेको छ। पार्टीको पक्षबाट शुआज सोशल मीडिया एक्समा एउटा पोस्टको माध्यम द्वारा मुख्यमन्त्री ममता ब्यानर्जी अनिउहाको सरकारमाथि दुर्गा पूजासित सम्बन्धित आयोजनहरूमा हस्तक्षेप गरेको आरोप लगाएको छ। भाजपाले दाबी गरेको छ कि तृणमूल कंग्रेस सरकारले मुस्लिम भोट ब्यांकलाई खुशी पार्नको लागि लगातार दुर्गा पूजासित सम्झौता गर्दै आइरहेको छ। भाजपा अनुसार बर्ष 2016 मा मुस्लिम समुदायको कथित विरोध पश्चात माँ दुर्गाको पूजालाई रोकिएको थियो। पार्टीले यसलाई धार्मिक स्वतन्त्रतामाथि हमला बताउँदै त्यसबेला राज्य सरकारले हिन्दू भावनाहरूलाई अदेखा गरेको बताएको छ। पोस्टमा अझ भनिएको छ,बर्ष 2017 मा मुहर्रमको जुलूसलाई अनुमति दिनको लागि दुर्गा प्रतिमाहरूको विसर्जनमाथि रोक लगाइएको थियो। यो निर्णय पनि एक समुदाय विशेषलाई प्राथमिकता दिने उद्देश्यले लिइएको आरोप भाजपाले लगाएको छ।

**राज्य चुनाव अधिकारी एसआइआर डाटा**

पश्चिम बंगाल टुनाव अधिकारीले गत 16 दिसम्बार 2025 देखि 2 जनवरी 2026 सम्मको एसआईआर क्लेम र दावी संबंधित आंकड़ा जारी गरेको छ जसमा अहिले सम्म नाम हटाउन एउटै दावी कुनै पनि राजनीतिक दलबाट प्राप्त भएको छैन। यद्यपी नाम सामेल गर्न कूल 8 वटा दावी प्राप्त भएका छन्। स्मरण रहोस टीएमसीका 18733, भाजपाका 60186, कम्युनिष्ट पार्टीका 49079 सहित कूल 207001 बीएलएहरू मतदाता सूचि विशेष पुनरीक्षणमा खट्टाइएका छन्। चुनाव आयोग अनुसार नयाँ मतदाताहरूको नाम शामेल गर्न 3,31,075 वटा फारम जमा भएका छन्. तथा नाम हटाउन 56 867 आवेदन प्राप्त भएका छन्। यसै बीच एसआइआरको सुनवाई सबै स्थानहरूमा सूचारू रूपमा चलि रहेको छ।

**रक्षा क्षेत्रमा आत्मनिर्भरता**

भारत आफ्नो सार्वभौमिकता साथै सुरक्षासित कुनै समझौता गर्ने छैन। देशको रक्षा अनि नागरिकहरूको सुरक्षा प्रति प्रधानमंत्री नरेन्द्र मोदी सरकारको प्रतिबद्धता अनि दृढ निष्चयलाई विश्वले 2025 सालमा देखि सकेको छ। यो नयाँ भारत होए जसले देशको निम्ति खतरा र चुनौती बन्ने आतंकवादीहरूलाई उनिहरूकै घर भित्र पसेर हमला गर्दछ। 2016को सर्जीकल स्ट्राइक. 2019 को बालाकोट स्ट्राइक होस अथवा 2025 को अपरेशन सिन्दुर किन न होस। भारतले आफ्नो क्षमता र पराक्रम विश्वलाई देखाइ सकेको छ।

दार्जीलिङ्की रोशनी छेत्रीले रक्षा क्षेत्रमा  वर्ष २०२५ लाई आत्म निर्भर तथा सक्षम भारतको रूपमा जानिनेछ भन्दै प्रधानमंत्री नरेन्द्र मोदीको नेतृत्वमा देश सुरक्षित छ भन्दै यसो भन्नु हुन्छ।

.......बाइट.....

(एकाइसौं शताब्दीको भारत नयाँ भारतको रूपमा विश्व मानचित्रमा उदित भएकोछ। जसले आत्म रक्षाका लागि कुनै पनि हद सम्म जान सक्छ। सन् 2016 मा पाकिस्तान भित्र पसेर भारतीय सोनाले गरेको पाकिस्तान अधिकृत कश्मीरमा आतंकवादी लंचपैडहरूमाथि सर्जिकल स्ट्राइक, फेरी 2019 मा बोलाकोटमा जैश-ए-मोहम्मदको अड्डामाथि सैन्य कारवाही जसमा सैकड़ो आतंकवादीहरू मारिएका थिए। अनि 2025 सालको 7 मे मा गरिएको अपरोशन सिन्दुरले पाकिस्तानलाई केवल तीन दिनमा नै घुँड़ा टेकाइ दिएको थियो। यस सैन्य कारवाहीमा भारतीय सेनाको क्षमता तथा स्वदेशी अस्त्र शस्त्रहरूको सठिक मारका क्षमताबारे विश्वले रक्षा क्षेत्रमा भारतको आत्म निर्भरता बारे पहिलो चोटी अवगत भयो। पाकिस्तानको सेनाले घुँड़ा टेक्दै भारतीय सेनाका सैन्य कारवाही अधिकारी DGMO समक्ष गुहार लागाउनु पर्यो। अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले युद्ध विराम गराएको ठोकालाई भारतका प्रधानमंत्री नरेन्द्र मोदीले सोक्षै अस्वीकार गरि दिए। यसरी आज भारत रक्षा उत्पादन क्षेत्रमा आत्म निर्भर हुन्दै गएको इतिहास 2025 सालले कोरेर गएको छ।)

**स्वामी विवेकानंद जन्मोत्सव 2026**

रामकृष्ण मिशनले स्वामी विवेकानंदको पैतृक आवास एवं सांस्कृतिक केंद्रको  तत्वावधानमा स्वामी विवेकानंद जन्मोत्सव 2026 को आयोजन गरिने भएको छ। यस अवसरमा स्वामी विवेकानंद मिलन मेला सहित पांच दिनसम्म विचार, संस्कृति, संगीत, नाटक अनि युवा संवादसित सम्बन्धित धेरै कार्यक्रमहरु हुनेछ। आयोजन नौ जनवरीदेखि शुरू भएर 13 जनवरी सम्म चल्नेछ। पहिलो दिन स्वामी विवेकानंद पाठचक्रको तत्वावधानमा वैदिक मंत्रोच्चारणसितै कार्यक्रमको उद्घाटन गरिनेछ। उद्घाटन सत्रमा स्वामी विवकानंदका विचारहरु अनि उहाको  राष्ट्र निर्माणमा योगदान माथि चर्चा हुनेछ। त्येस दिन सांस्कृतिक प्रस्तुतिहरु सितै शास्त्रीय संगीतको कार्यक्रम पनि राखिएको छ।10 जनवरीको दिन बिहान 10 बजेर 30 मिनेट जाँदा युवा सम्मेलनको आयोजन गरिनेछ जसमा देश अनि समाज  प्रति युवाहरुको भूमिका, शिक्षा अनि चरित्र निर्माण जस्ता विषयहरु माथि वक्ताहरुले आफ्नो विचार राख्नेछन्। त्यसै दिन साझ स्वामी विवेकानंद अनि  राष्ट्रीय चेतना विषय माथि विचार गोष्ठी आयोजित हुनेछ जसमा विवेकानंदका राष्ट्रवादी विचारहरु अनि उहाको सामाजिक संदेश माथि विस्तारसित चर्चा गरिनेछ।12 जनवरी स्वामी विवेकानंदको जयंती हो , त्येस दिन बिहान 5.30 बजे देखि  विशेष कार्यक्रम आयोजित गरिनेछ। दिन भरि शांति, सेवा अनि राष्ट्र निर्माणको

संदेशलाई केंद्र राख्दै विभिन्न आयोजन हुनेछ । 13 जनवरीमा साझ 5 बजेर 30 मिनेट जाँदा समापन समारोह हुनेछ । समापन दिवसमा संगीत कार्यक्रम, नाटक अनि विवेकानंदका विचारहरु माथि आधारित प्रस्तुतिहरुसित उत्सवको औपचारिक समापन गरिनेछ ।आयोजकहरुको भनाई अनुसार यस आयोजनको उद्देश्य स्वामी विवेकानंदका विचारहरुलाई नयाँ पीढ़ी सम्म पुर्याउनु अनि युवाहरुलाई राष्ट्र सेवा, मानवता अनि आत्मविश्वासको मार्गमा प्रेरित गर्नु हो ।

**'परिवर्तन संकल्प सभा'**

राज्यमा चुनावी बिगुल बजिसकेको छ । विधानसभा चुनाव पुर्व कोचबिहारमा भारतीय जनता पार्टी (भाजपा) को 'परिवर्तन संकल्प सभा' मा फिल्म अभिनेता अनि भाजपा नेता मिथुन चक्रवर्ती सामेल हुनुभयो । आज शहरको पुरानो पोस्ट ऑफिस पाड़ा मैदानमा आयोजित यस सभामा उहा सामेल हुनुभयो ।
बिगत धेरै दिनहरु देखि यस सभालाई लिएर कोचबिहारमा विवाद उत्पन्न भएको थियो । सभाको अनुमतिलाई लिएर जिला भाजपाको तर्फबाट कोतवाली थानामा आवेदन गरिएको थियो तर पुलिसले अनुमति दिएन,त्येपछि मामला कलकत्ता हाईकोर्ट सम्म पुग्यो जहांबाट अनुमति पाए पछि अन्त्यतः सभा आयोजित भयो ।
राजनीतिक विशेषज्ञहरु अनुसार यो सभा धेरै महत्वपूर्ण छ किनभने 13 जनवरी को दिन तृणमूल कांग्रेसको अखिल भारतीय महासचिव अभिषेक बनर्जीले तुफानगंजको बलरामपुरमा जनसभा गर्ने तय छ । त्येस भन्दा पुर्व मिथुन चक्रवर्तीको यस सभालाई राजनीतिक रूपले धेरै महत्वपूर्ण मनिन्दैछ ।

**महाकाल मन्दिरको शिलान्यास**

सिलगढ़ीको मत्तीगडा क्षेत्रमा प्रस्तावित महाकाल मन्दिरको शिलान्यासलाई लिएर प्रशासनिक स्तरमा तयारी तीव्र गरिँदैछ। आगामी 16 जनवरीमा मुख्यमन्त्री ममता ब्यानर्जीको बाहलीबाट एस महाकाल मन्दिरको शिलान्यास हुने सम्भावना छ। यसै क्रममा आज सिलगढ़ीका मेयर गौतम देवले मन्दिर निर्माण स्थलको निरीक्षण गर्नुभयो । यस अवधि उहाँसित जिल्लाशासक सहित विभिन्न विभागीय अधिकारीहरू पनि उपस्थित थिए। अधिकारीहरूले चिन्हित भूमिको निरीक्षण गर्दै आवश्यक दिशानिर्देश दिए।प्रशासनिक रूपमा मन्दिर परिसरको विकासको लागि जमीन समतलीकरण तथा साफ-सफाईको कार्य शुरू गरिएको छ। महाकाल मन्दिरको निर्माणलाई लिएर स्थानीय मानिसहरूमा विशेष उत्साह देखिँदैछ। मुख्यमन्त्रीको सम्भावित भ्रमणलाई ध्यानमा राख्दै सुरक्षाको कड़ा प्रबन्ध गरिँदैछ |

**वनदुर्गा मन्दिर - पूजा**

जलपाईगडी जिल्लाको राजगञ्ज ब्लक अन्तर्गत फाड़ाबाड़ी नजिक बैकुण्ठपुरको घना जंगलस्थित वनदुर्गा मन्दिरमा आयोजित पूजाको अवसरमा श्रद्धालुहरूको व्यापक भीड़ देख्न पाइयो। आज बिहानै देखि सुदूरवर्ती क्षेत्रहरूबाट श्रद्धालुहरू मन्दिरमा आइरहेका छन्। घना जंगलबीच अवस्थित यस स्थायी मन्दिरमा प्राचीन रिती-थिती तथा परम्परा अनुसार आज अबेर राति देवीको विशेष पूजा-अर्चना गरिनेछ। भक्तहरूले माँको दर्शन गरी मनोकामना मागिरहेका छन् साथै पूजा-पाठमा भाग लिरहेका छन्।

यस पूजासित लामो परम्परा अनि इतिहास जोड़िएको छ। मान्यता छ, यो स्थान देवी चौधुरानी तथा भवानी पाठकको स्मृतिसित जोड़िएको छ र यसको उल्लेख साहित्य सम्राट बंकिमचन्द्र च्यटर्जीको प्रसिद्ध उपन्यास 'देवी चौधुरानी'-मा पनि पाइन्छ। पहिला यहाँ ठुनठुनिया माँको पूजा हुन्थ्यो, तर पछि यो पूजा वनदुर्गा पूजाको नामले प्रसिद्ध भयो। श्रीश्री माँ वनदुर्गा पूजा कमिटीका सदस्य राजू साहाले बताए अनुसार प्रतेक वर्ष पौष महिनाको पूर्णिमा तिथिको राति आयोजना हुने यो पूजा आम मानिसहरूको आस्था र विश्वाससित जोड़िएको छ। यस वर्ष वनदुर्गा पूजाको 45औं वर्ष हो।

**राजाहट्टा एक्सप्लोर ग्रुप**

सोनादाको राजाहट्टा एक्सप्लोर ग्रुपका सदस्यहरुले नयाँ वर्षको पहिलो दिन प्रकृतिलाई दिएका छन्। यस क्रममा राजाहट्टा एक्सप्लोर ग्रुपका सदस्यहरुद्वारा पर्यटकीय स्थलहरूमा प्लास्टिक र मैलाहरु संकलन गरेका छन्। यस ग्रुपका सदस्यहरुले राजाहट्टादेखि पश्चिम पारमेन चेकपोस्ट हुँदै चटकपुर, तीनमाइल र सोनादा छुटिने तीनबाटो भएको स्थल तथा लालखुट्टीसम्म

प्लास्टिक मैला संकलन गरेका छन्। ग्रुपका सभापति विशाल राईअनुसार गत 21 दिसम्बर आयोजित डोको ट्रेल रनको प्रारम्भिक रुटमध्ये यही इलाका जो सिञ्चेल वन्यजीव अभयारण्यमा पर्ने गर्छ, वन्यजीव इलाकाको सफाईसँगै पहिलो जनवरीमा पर्यटकहरूसँगै स्थानीयहरु घुम्न अनि बनभोज खेल्न चटकपुर जाने भएकाले विशेषगरी पश्चिम पटरमेन फरेष्ट चेकपोस्टदेखि लालखुट्टीसम्मको जंगल क्षेत्रभित्र आगजनी हुनसक्ने तथा फोहोर मैला गर्नसक्ने सम्भावनालाई लिएर वन विभागकै अपीलमा राजाहट्टालाई प्रतिनिधित्व गर्दै राजाहट्टा एक्सप्लोर ग्रुपका सदस्यहरु स्वंयसेवीका रुपमा खटिएका थिए। एक्सप्लोर ग्रुपले स्थापनादेखि नै सरसफाइ र फोहोर प्रबन्धनमाथि कार्य गरिरहेको छ। यही क्रमलाई अघि बडाउदै यस दिन प्रकृतिलाई नै दिएको तथा बन विभागसित सहकार्य गर्ने अवसर मिलेको बताईएको छ।